# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँ कार्यपालिकाद्वारा प्रकाशित

| खण्डः- ७ | संख्याः- ०५ | मितिः- २०८० /०६ /०५ |
|---|---|---|


## भाग-२

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६ लाई पहिलो पटक संशोधन गर्न बनेको कार्यविधि, २०८० लिखु गाउँ कार्यपालिकाद्वारा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६ लाई पहिलो पटक संशोधन गर्न बनेको कार्यविधि, २०८०

नियमावलि नं. - ४५

प्रमाणिकरण मितिः २०८०/०६/०५

१. **विषयवस्तुको संक्षिप्त व्यहोराः** लिखु गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताका पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६ मा संशोधन आवश्यक रहेको छ। यो संशोधन कार्यपालिकाबाट पारित भएमा स्थानीय सरकारलाई कुनै प्रकारको थप आर्थिक भार पर्ने छैन।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः** यो कार्यविधि संशोधन गर्न प्रदेश कानूनहरु तथा विद्यमान स्थानीय कानूनहरुलाई आधार मानिएको छ। गाउँ कार्यपालिका सञ्चालन हुने एम्बुलेन्स सेवा सर्व सुलभ पहुँच पुर्याउनका लागि तथा आर्थिक ऐन, २०८० मा एम्बुलेन्स सेवा दस्तुरको व्यवस्था भएको कारणले यो संशोधन आवश्यक रहेको र उक्त कुरा अन्य कुनै कानूनसँग बाझिएको नदेखिएको राय पनि प्राप्त भएको छ।

३. **प्रस्ताव पेश गर्नाका कारणः** गाउँ कार्यपालिका सञ्चालन हुने एम्बुलेन्स सेवाको विद्यमान व्यवस्थालाई छिटो, छरितो र थप प्रभावकारि बनाउन तथा यस सम्बन्धमा जारी भएका संघीय, प्रदेश तथा स्थानीय कानूनहरुसँग यस कार्यविधिको सामञ्जस्यता स्थापित गर्न यो संशोधन प्रस्ताव पेश गरिएको हो।

४. **निर्णय हुनु पर्ने व्यहोराः** एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६ मा संशोधनका लागि पेश गरिएका नियमहरु देहाय बमोजिम छन्-

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| **नियम ३,** एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समितिः (१) एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन, संचालन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक पालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति रहनेछ।<br>(घ) कार्यपालिकाले तोकेको वडाध्यक्ष – सदस्य<br>(च) आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय प्रमुख –सदस्य सचिव | **नियम ३,** एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समितिः (१) एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन, संचालन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति रहनेछ।<br>(घ) कार्यपालिकाले तोकेको वडाध्यक्ष १ जना – सदस्य<br>(च) स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव | (क) प्राविधिक त्रुटी सच्याउनु पर्ने भएकोले।<br>(ख) सदस्य संख्या स्पस्ट तोक्नु पर्ने भएकोले।<br>(ग) लिखु गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० मा शाखाको नाम परिवर्तन भएकोले। |
| नियम ४, उपनियम १ को (छ), चालकले अनुसची (१) बमोजिम सेवा शुल्क लिइ बैंक र कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने। | नियम ४, उपनियम १ को (छ), चालकले आर्थिक ऐन बमोजिम सेवा शुल्क लिइ गाउँपालिकाको आन्तरिक राजश्व खाता तथा राजश्व शाखामा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने। | क) आर्थिक ऐन, २०८० मा एम्बुलेन्स सेवा शुल्कको व्यवस्था भएकोले। |
| नियम ४, उपनियम २, समितिका सदस्य–सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण | नियम ४, उपनियम २, समितिका सदस्य–सचिवले सेवा प्रवाह स्थिति, राजश्व संकलन | क) अद्यावधिक विवरण नियमित कार्यपालिकामा पेश |

| | | |
|---|---|---|
| प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँ कार्यपालिकामा पेश गरी गाउँ सभामा अनुमोदन गराउनु पर्नेछ। | लगायतका अद्यावधिक विवरण त्रैमासिक रुपमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ। | गर्न। |
| नियम ७, सेवा शुल्क सम्बन्धी व्यवस्थाः (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भएको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।<br>(२), (३), (४), (५) र (६), व्यवस्था नरहेको। | नियम ७, सेवा शुल्क तथा छुट सम्बन्धी व्यवस्थाः (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले आर्थिक ऐन बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।<br>(२) एम्बुलेन्स सेवा वापत तोकिएको सेवा शुल्क र माग फारम भरी बिरामि लैजानु अगावै एम्बुलेन्स चालक वा कार्यालयमा बुझाउनु पर्नेछ।<br>(३) गर्भवती तथा सुत्केरी महिलालाई स्वास्थ्य संस्थाको प्रेषणको आधारमा एक पटकको लागि शत प्रतिशत रकम छुट दिन सकिनेछ।<br>(४) ७० वर्ष र सो भन्दा माथिका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य संस्थाको प्रेषणको आधारमा एक बर्षमा एक चोटीमात्र शत प्रतिशत रकम छुट दिन सकिनेछ।<br>(५) ६० देखि ७० वर्ष उमेर भएका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य संस्थाको प्रेषणको आधारमा एक बर्षमा एक चोटीमात्र पचास प्रतिशत रकम छुट दिन सकिनेछ।<br>(६) विपदमा परेका र आर्थिक अवस्था कमजोर भएका | क) आर्थिक ऐन, २०८० मा एम्बुलेन्स सेवा शुल्कको व्यवस्था भएकोले।<br>ख) राजश्व संकलनलाई थप व्यवस्थित गर्न।<br>ग) गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार गर्भवति महिला, जेष्ठ नागरीक तथा विपदमा परेका र आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई एम्बुलेन्स सेवा छुट दिन। |

| | | |
|---|---|---|
| | व्यक्तिलाई वडाको सिफारिसको आधारमा एक बर्षमा एक चोटीमात्र पचास प्रतिशत छुट दिन सकिनेछ। | |
| नियम ८, को उपनियम ३, ४ र ५, व्यवस्था नरहेको | नियम ८, को उपनियम<br>(३) एम्बुलेन्स सञ्चालनबाट प्राप्त भएको रकम राजश्व शाखाले प्रत्येक महिनाको अन्त्यमा एम्बुलेन्स सञ्चालन कोषमा जम्मा गर्नु पर्नेछ।<br>(४) एम्बुलेन्स सञ्चालन कोषमा रकम जम्मा नगरी खर्च गर्न पाईने छैन।<br>(५) गाउँ कार्यपालिकाले एम्बुलेन्स सञ्चालनमा हुन आउने अपुग रकम विनियोजन गरी नियमानुसार खर्च गर्न बाधा पर्ने छैन। | क) राजश्व संकलनलाई थप व्यवस्थित गर्न ।<br>ख) गाउँ कार्यपालिकाबाट एम्बुलेन्स सञ्चालनमा आवश्यक थप रकम विनियोजन तथा खर्च गर्न। |
| अनुसूची-१, कार्यविधिको नियम ७ को उपनियम (१) सँग सम्बन्धी सेवा शुल्क सम्बन्धी दररेट | अनुसूची-१, खारेजी गरीएको छ। | ग) सेवा शुल्क सम्बन्धी दररेट आर्थिक ऐनमा व्यवस्था भएकोले। |

आज्ञाले

लिलाराज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०८०/०६/०५